# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

२५ भदौ, २०८३

*सन्दर्भ : विश्व आत्महत्या रोकथाम दिवस (सेप्टेम्बर १०)*

### आत्महत्या रोकथाम तथा मानव अधिकारको सुनिश्चितता गर्न आग्रह

हरेक वर्ष १० सेप्टेम्बरका दिन विश्व आत्महत्या रोकथाम दिवस मनाइन्छ। आत्महत्या रोकथामका लागि विश्वव्यापी रूपमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले International Association for Suicide Prevention (IASP) तथा विश्व स्वास्थ्य सङ्गठन (WHO) को सहकार्यमा यो दिवस मनाइँदै आएको छ। सन् २०२४ देखि २०२६ सम्मका लागि "Changing the Narrative on Suicide" अर्थात् आत्महत्याबारेको कथ्य/दृष्टिकोण परिवर्तन गर्ने विषयवस्तु तय गरिएको छ भने सन् २०२६ का लागि "Start the Conversation" भन्ने आह्वान गरिएको छ।

नेपालमा प्रत्येक वर्ष हजारौं व्यक्तिले आत्महत्याका कारण जीवन गुमाउनुपरेको अवस्था छ। नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा आत्महत्यासम्बन्धी ६,८५२ घटना दर्ता भएका छन् भने आर्थिक वर्ष २०८०/८१ मा ७,२२१ जनाको आत्महत्याबाट मृत्यु भएको तथ्याङ्क छ। मानसिक तनाव, चिन्ता तथा निराशा, घरेलु हिंसा तथा लैङ्गिक हिंसा, दीर्घकालिन मानसिक स्वास्थ्य सम्बन्धी समस्या, आर्थिक समस्या, गरीबि तथा बेरोजगारी लगायतका कारण नेपालमा आत्महत्याका घटनाहरु भइरहेको विभिन्न अध्ययनबाट देखिन्छ । आत्महत्या केवल मानसिक स्वास्थ्यको विषय नभई जीवन, मर्यादा, स्वास्थ्य, सुरक्षा तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकारसँग सम्बन्धित गम्भीर मानव अधिकारको विषय हो।

अतः आत्महत्या जस्तो गम्भीर मानव अधिकार उल्लङ्घनबाट नागरिकको जीवन रक्षार्थ "आत्महत्याबारे मौन नरहौं, संवाद सुरु गरौं" भन्ने सन्देशलाई व्यवहारिक कार्यान्वय गर्दै सङ्कटमा रहेका व्यक्तिलाई सुन्ने, बुझ्ने र सहयोग गर्ने वातावरण निर्माण गर्न, आत्महत्याको प्रयासबाट बचेका व्यक्ति तथा आफन्त गुमाएका परिवारलाई दोष, लाञ्छना वा सामाजिक बहिष्करण जस्ता कार्यलाई निरूत्साहित गर्दै उनीहरूको सम्मान, गोपनीयता, भेदभावरहित व्यवहार र आवश्यक सहयोग उपलब्ध गराउन नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आयोग आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५

https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC